Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

आभास खबर साप्ताहिकको सह-प्रकाशन

खबर

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा: ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको

■ बर्ष-१६, ▶▶ अंक २८२ ▶▶ बैशाख १८ गते शनिबार,२०७८ ■ May -1 Saturday, 2021 ▶▶ यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

## गाईघाटको सडकपेटीमा भ्वाङ नै भ्वाङ

❖ बुद्धि चामलिङ

*उदयपुर, बैशाख १७*

यो देखिरहेको तस्बिर शुक्रबार बिहान गाईघाट बजारको युनिभर्सल स्वीमिङ पुलदेखि पश्चिमतर्फ लालिगुरास बोर्डिङ आउने बाटोको पुलको हो। यी पैदलयात्रू महिला पुल अगाडिसम्म सडकपेटीबाट आएकी थिइन्। जब पुल आइपुगिन उनी हिड्ने सडकपेटीको नालीमा बाटो थिएन। अनि उनी सडकपेटी छाडेर मुख्य सडक आएर अगाडि बढिन्।

गाईघाटको मुख्य बजार क्षेत्रको मदन भण्डारी लोकमार्गको सडकपेटी ठाउँठाउँमा भ्वाङै भ्वाङ हुँदा पैदल यात्रीलाई जोखिम मोलेर सडक हिड्नु पर्ने बाध्यता छ। गाईघाट बजार क्षेत्रमा दिउँसोको समयमा पैदल यात्रुले कम सास्ती बेहोर्नु पर्दैन। बजारका पुराना ब्यापारी रत्न श्रेष्ठको दुखेसो पनि कम छैन। उनी दैनिक घरदेखि बजारसम्म पटक-पटक ओहोर दोहोर गर्छन्। सडक पेटीमा आरामले हिडिरहेको अवस्थामा



जब नाली र पुल क्षेत्र आउँछ, अनि सास्ती हुन्छ। उनी जस्तै दिउसो बजारमा भिडभाड भएको समयमा पैदल यात्रुलाई कुन बेला तिब्र गतिमा कुदिरहेको सवारी साधनले किच्ने हो ठेगान हुन्न। सडक निर्माणको जिम्मा लिएको निर्माण कम्पनीको बेवास्ता र ढिलासुस्तीको कारण पैदल यात्रीले सास्ती बेहोरेर हिड्न बाध्य हुनु परेको छ। बजारभित्र पर्ने मदन भण्डारी लोकमार्गको सडकपेटी धेरै ठाउँमा निर्माण हुन बाँकी छ। श्रमिक पार्कको मुनी दुबैतर्फको सडकपेटी हिड्न नमिल्ने अवस्थामा छ। त्यस्तै मुख्य चोकस्थित सडकको चारै तर्फ सडकपेटीमा भ्वाङ परेको छ। त्यहाँ

-बाँकी २ पेजमा

## सांसद राईलाई संक्रमण

❖ मुलुकी संबाददाता

*गाईघाट, वैशाख १७*

एकैदिन जिल्ला प्रशासन कार्यालय उदयपुका कर्मचीसहित ८ जनामा संक्रमण पाइएकै बेला उदयपुका सांसद सेुशकुमा ाई पनि संक्रमित भएको पुष्टि भएको छ। केही दिनअघिदेखि ज्वो रुघाखोकीले सताएपछि अस्पताल भर्ना भएका ाईलाई शुक्रबा दिउसो कोविड भेण्टि पुष्टि भएको अस्पताललाई उद्धृत गर्दै उनको सचिवालयले जनाएको छ।

उदयपु निर्वाचन क्षेत्र २ का प्रतिनिधिसभा सदस्य तथा नेकपा (माओबादी केन्द्र)का नेतासमेत हेका सांसद ाईको काठमाडौंमै उपचा भईहेको छ। ाईले शुक्रबाै सामाजिक सञ्जाल फेसबुकमा आपुलाई कोविड संक्रमण भएको पुष्टि गर्दै केही समय सघन उपचामा हने भएकाले सम्पर्क नहुने बताएका छन्। राई केहीदिनअघि मात्र गृहजिल्ला उदयपुदेखि ाजधानी फर्केका थिए। काठमाडौंमा



उपचाको क्रममा गत ६ गते काठमाडौंमा निधन भएका ८८ वर्षीय बाबु इन्द्रध्वज ाईको पार्थीव शी लिए उनी अन्तिम संस्काका लागि ८ गते स्थायी घ बेलका नगपालिका ४ गुरुङचौंी आएका थिए।

सानो अन्तिम कर्म सके काठमाडौं फर्केपछि अस्वस्थ्य भएका उनी अस्पताल भर्ना भएपछि संक्रमण पुष्टि भएको हो। सांसद ाईमा संक्रमण देखिएपछि स्वर्गीय पिताको मलामीमा सहभागीदेखि अन्तिम कर्ममा भेटघाट गर्नेहरुलाई 'कन्ट्याक्ट ट्रेसिङ' गे स्वास्थ्य पीक्षण गर्नुपर्ने भएको छ।

हामी स्थानीय हौं, स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !






## उदयपुरगढी झिलिमिली हुँदै
## असारभित्र सबै वडामा बिजुली

❖ महेश्वर चामलिङ

*उदयपुर, बैशाख १७*

आउँदो असारभित्र सबै वडामा विजुली बत्ती बाल्ने गरी उदयपुरगढी गाउँपालिका लागी परेको छ। 'उदयपुरगढी ग्रामिण सामुदायिक विद्युतीकरण आयोजना'मार्फत ८ वटै वडाबासीले अव घरघरमा विद्युत सेवा उपभोग गर्न पाउने गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका ८ वटै वडाका ६ हजार ५ सय ८० घरधुरी परिवारका १६ हजार ४ सय ७८ महिलासहित ३२ हजार २ सय ५० जनसंख्याले बत्ती बाल्न पाउने व्यवस्था नेपाल सरकार, सामुदायिक विद्युतीकरण विभागबाट हुन लागेको गाउँपालिकाका अध्यक्ष मानबहादुर केप्छाकी मगरले बताए।



अध्यक्ष मगरले वडागतरुपमा १ नं. मा ८ सय ४३ घरधुरीका २ हजार ५ सय ५५ जना, २ नं. वडाका ६ सय १३ घरधुरीका ३ हजार १ सय ९ जनाले विद्युत बाल्न पाउँदा ३ नं. वडाका ५ सय ५७ घरधुरीका ३ हजार १ सय ७१ ले विजुली बाल्नेछन्।

त्यस्तै, वडा नं. ४ का ४ सय ८० घरधुरीका २ हजार ८८ जनाले सेवा पाउनेछन् भने ५ नं. वडाका ९ सय २५ घरधुरीका ४ हजार ७ सय ६१, वडा नं. ६ का १ हजार २४ घरधुरीका ७ हजार १ सय ३६ वडाबासी विद्युतको हकदार बन्नेछन्। ७ का १ हजार २ सय ८६ घरधुरीका ४ हजार ७ सय १४ र ८ नं. वडाका ९ सय २६ घरधुरीका ४ हजार ७ सय १४ जनसंख्या विद्युतबाट लाभान्वित हुने अध्यक्ष मगरले बताए।

विजुली उपभोग गर्न पाउनेमा गाउँपालिकाका १५ हजार ५३ जना बिबाहित, १२ हजार ८ सय १९ अबिबाहित र १ सय ४७ अपांगता भएका उपभोक्ता - बाँकी २ पेजमा

## गाईघाटको ..

बनाउने कार्यमा ढिलासुस्ती हुँदा पैदलयात्रीले सास्ती बेहोर्नु परेको छ । गाईघाटको मुख्य चोकको चारै किनारामा सडकपेटीको नालीमा हिड्न सकिदैन। पुरानो तरकारी बजार लाईनको शिब मन्दिर नजिक रहेको पुल निर सडकको दुबै तर्फ सडकपेटीको निर्माण कार्य सम्पन्न भएको छैन । सडकपेटीको निर्माण कार्य कहिले सकिने हो भनेर भन्न सकिने अबस्था छैन ।त्रियुगा नगरपालिकाको वडा नम्बर ११ का वडाअध्यक्ष बिश्वराज भटराईले निर्माण कम्पनीलाई बाराम्बार बनाउन ताकेता गरे पनि अझै काम नसकेको उनले बताए । सडकपेटी निर्माण पुरा हुने बितिर्के आफूहरु गाइघाट बजारको सडकपेटी सफाई अभियानमा लाग्ने तयारीमा रहेको वडाअध्यक्ष भटराईले बताए ।



**बल्ल बन्न सुरु भयो ।** गाईघाट बजारको मुख्य चोकको सडकपेटी बनाउदै मजदुरहरु ।
*तस्विर: बुद्धि चामलिङ ।*

## उदयपुरगढी...

प्रशासकीय अधिकृत माधव सुबेदीले बताए । उनका अनुसार विद्युत उपभोक्तालाई पहिलो चरणमा १ हजार ९ थान मिटरबक्स गाउँपालिकाले बितरण गरिसकेको छ। थप मिटरबक्स बितरण गर्न ४ हजार थान खरिद गर्न नेपाल विद्युत प्राधिकरप बितरण केन्द्र, गाईघाटलाई रकम भुक्तानी भर्खर गरेको सुबेदीले बताए ।

उनका अनुसार प्रतिगोटा १ हजार ७ सय १२ रुपैंया पर्ने मिटरबक्सको मूल्यमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर (भ्याट)वापत २ सय २२ रुपैंया ५६ पैसा थप्दा एउटा मिटरकम गाउँपालिकाले पहिलो चरणमा १ करोड ९२ लाख र पछिल्लो चरण २२ लाख गरी २ करोड २४ लाख खर्च भएको सुेदीले जनाए । गाउँलेले घरघरमा विजुली बाल्न पाउने भएपछि जनसहभागितावापत १० प्रतिशत रकम जुटाउन खसी बोका, गाई भैंसी र जग्गासमेत बेचेर घरलौरी रकम जम्मा गरेका थिए ।

तर, समग्र गाउँपालिकामा विद्युतीकरण हुने भएपछि त्यसलाई प्राथमिक्तामा राखेर गाउँपालिकाले बजेट बिनियोजन गरेको हो । 'उदयपुरगढी विद्युतीकरण उपभोक्ता समिति'का अध्यक्ष देव गिरीले गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायत जनप्रतिनिधिले प्रमुख चासो दिएकै कारण छिटै विजुली बल्न लागेको बताए ।

विद्युतीकरणका लागि कटारीस्थित सामुदायिक बाल विकास एवं महिला जागरण केन्द्रले प्राविधिक साझेदारी गरेको गिरीले बताएका छन् ।

## उदयपुरमा .....

प्रशासनले आउँदो आईतबारदेखि सेवा प्रवाहमा आलोपालो प्रणाली लागु गर्ने निर्णय अघिल्लो दिन नै गरेको थियो । खासगरी नागरिक्ता, नागरिक्ताको प्रतिलिपि तथा अहिले भईरहेको राष्ट्रिय परिचयपत्र बितरण कार्यमा सेवाग्राहीको बाक्लो भीड लाग्ने गरेकाले सदरमुकाम र नगरक्षेत्रलाई पालो प्रणाली लागु गर्न लागेको सेंढाईले बताए । जस अनुसार बेलकालाई आईतबार र सोमबार, चौदण्डीगढीलाई मंगलबार र बुधबार तथा त्रियुगालाई बिहीबार र शुक्रबार पालो मिलाइएको छ ।

पहाडी भेगका लिमचुङबुङ, ताप्ली, रौतामाई र उदयपुरगढी गाउँपालिकालाई भने पालो पर्खनु नपर्ने निर्णय भएको छ । पहाडी भेग र टाढाबाट आउने सेवाग्राहीलाई दुःख नहोस् भनेर कार्यालय खुल्ने सबै दिन सेवा प्रदान गर्ने निर्णय भएको सिडिओ सेंढाईले बताए । संक्रमणको अवस्था थप जटिल बन्दै गएमा थप कडाईको गर्नुपर्ने अवस्था पनि आउनसक्ने प्रशासनले जनाएको छ । त्यसका लागि व्यापारी, राजनीतिकर्मी, सामजिक अगुवालगायत सरोकारवालासँग बसेर छलफल गरी निश्कर्षमा पुग्ने उनले बताए ।

खरिद गरेको १ सय किट आईपुग्ने क्रममा रहेको छ । किट आएपछि आईतबारदेखि शंकास्पद व्यक्तिहरुको एन्टीजेन परीक्षण सुरु हुने उनले बताए । कटारीले आफै खरिद गर्ने जनाएको छ भने ताप्ली, रौतामाई र लिमचुङबुङले किट किन्ने विषयमा निर्णय चासो नदिएको सुबेदीले बताएका छन् ।

सुबेदीका अनुसार एन्टीजेन किटपिसिआरभन्दा बाँकी महँगो तर, छिटो नतिजा निस्कने प्रविधि हो । नाकबाट स्वाव लिएर परीक्षण गर्ने यस विधिबाट १५ मिनटभित्र नतिजा पत्ता लागिसक्ने सुबेदीले बताए । पिसिआर विधिबाट परीक्षण गर्न नाक र मुखबाट स्वाव लिनुपर्ने तथा नतिजा लिन कम्तीमा २४ घण्टादेखि सातादिनसम्म लाग्ने गर्छ । पिसिआर ३ देखि ५ सय रुपैंयासम्म पर्छ भने एन्टीजेन झण्डै १ हजार पर्ने सुबेदीले बताए ।

चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राईले सातादिनअघि नै एन्टीजेन किट किन्ने प्रक्रिया अघि बढाएको र आईपुग्ने तयारीमा लागेको बताए । उदयपुर कोविड अस्पताल चौदण्डीगढी ६ मै रहेको र संभावित संक्रमित पत्ता लगाउन पनि किट खरिद गरिएको उनले बताए । ४ जना संक्रमितको उपचार भईरहेको कोविड अस्पतालमा एकजना निको भएर घर फर्किसकेका छन् भने बाँकी ३ जना उपचाररत रहेको मेयर राईले बताए ।

संक्रमण बढ्दै गएपछि जिल्ला कोविड शंकट व्यवस्थापन समिति (डिसिसिएमसी)ले सुरक्षा सावधानी अपनाउन कडाई गरेको छ । प्रशासनकै कर्मचारीसमेत जिल्लामा भकाभक संक्रमितहरु बढ्न थालेछिसुरक्षा सतर्कतामा कडाई गर्नुपरेको डिसिसिएमसी अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले बताए । लकडाउन नै गर्ने सोँचाई नभएको भए पनि बजारमा भिडभाड र सर्वसाधारणमा चेतना कम भएकाले कडाई गर्नुपर्ने उनले बताए । प्रशासनले आउँदो

आईतबारदेखि सेवा प्रवाहमा आलोपालो प्रणाली लागु गर्ने निर्णय अघिल्लो दिन नै गरेको थियो । खासगरी नागरिक्ता, नागरिक्ताको प्रतिलिपि तथा अहिले भईरहेको राष्ट्रिय परिचयपत्र बितरण कार्यमा सेवाग्राहीको बाक्लो भीड लाग्ने गरेकाले सदरमुकाम र नगरक्षेत्रलाई पालो प्रणाली लागु गर्न लागेको सेंढाईले बताए । जस अनुसार बेलकालाई आईतबार र सोमबार, चौदण्डीगढीलाई मंगलबार र बुधबार तथा त्रियुगालाई बिहीबार र शुक्रबार पालो मिलाइएको छ ।

पहाडी भेगका लिमचुङबुङ, ताप्ली, रौतामाई र उदयपुरगढी गाउँपालिकालाई भने पालो पर्खनु नपर्ने निर्णय भएको छ । पहाडी भेग र टाढाबाट आउने सेवाग्राहीलाई दुःख नहोस् भनेर कार्यालय खुल्ने सबै दिन सेवा प्रदान गर्ने निर्णय भएको सिडिओ सेंढाईले बताए । संक्रमणको अवस्था थप जटिल बन्दै गएमा थप कडाईको गर्नुपर्ने अवस्था पनि आउनसक्ने प्रशासनले जनाएको छ । त्यसका लागि व्यापारी, राजनीतिकर्मी, सामजिक अगुवालगायत सरोकारवालासँग छलफल गर्ने उनले बताए ।







Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# पेन्टिङ गर्ने सिपले च्याउको ममः बनाउँदै

❖ मनिताकुमारी राई

*गाईघाट, बैशाख १७*

इलामको साखेजुङ नेपालटारमा जन्मेका ३६ बर्षे सागर बान्तवा राई ५ वर्षअघिसम्म साउदी अरबमा पेन्टिङको काम गर्थे। साउदिमा उनले ६ वर्षसम्म घर, भवनहरु पेन्टिङ गर्ने कार्य गरे।



जब उनले उदयपुर त्रियुगा नगरपालिका ५ श्रीपुरकी सुमित्रा चामलिङ राईसँ बिहे गरे। त्यहादेखि उनको यात्रा परिबर्तन भयो। गाईघाट बजारमा सागरले मासुको परिकारमा धेरै मःम पसलहरु देखे। अनि उनलाई केही फरककाम गर्न पाए हुन्थ्यो भन्ने लाग्यो। आफैले घरमा च्याउको मःम बनाएर चाखे। मीठो र स्वास्थ्यलाई फाइदाजनक हुने सोँचले उनले ५ वर्षअघिदेखि गाईघाटमा च्याउको मःम पसल सुरु गरे।

सुरुमा आधा किलो च्याउको मःम पनि बिक्री हुन्थेन। अहिले मःम पसलमा ६ किलोसम्म च्याउको मःम बिक्री हुन्थ्यो। दुईजना श्रीमान श्रीमति सागर र सुस्मितालाई अहिले च्याउको मःम बनाउन भ्याईनभ्याई छ। बजारमा अरु मःम प्रतिप्लेट ८० रुपियादेखि सय रुपैयासम्म पर्छ। तर, सागरको मःम भने प्रतिप्लेट ८० रुपैयामा खान पाईन्छ। च्याउको मःम साकाहारी भएकाले पछिल्लो समय च्याउको मःम खाने ग्राहक बढेको सुमित्रा बताउछिन्।

च्याउ प्रती किलो १ सय ५० देखि २ सय २० रुपैया पर्दछ। मासु भने च्याउ भन्दा महङ्गो छ। ५ बर्ष अघि ३० हजार लगानीबाट सुरु गरेका सागर र सुमित्राको मःम पसलले अहिले ग्राहकको मन जित्न सफल भएको छ। उनीहरुको इलामेली च्याउ मःम साकाहारी भएकाले यसप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको सागर बताउँछन्।

हाल उनीहरु अर्डर आए अनुसार घर, अफिस, पसलसम्म पुर्याउन जाने गरेको बताउँछन्। अहिले दैनिक ७० प्लेटसम्म मम बिक्ने गरेको सागरले बताए। उनको पसलमा च्याउसँगै बन्दाको थुक्पा, चाउमिनलगयायत अन्य खाजा पनि पाईन्छ।





# उदयपुरमा संक्रमण बढ्यो, पार्लर र सैलुन बन्द

❖ मुलुकी संबाददाता

*उदयपुर, बैशाख १७*



जिल्ला प्रशासन कार्यालय
उदयपुर
प्रदेश नं. १, नेपाल

जिल्ला प्रशासन कार्यालय, उदयपुरको

ब्युटी पार्लर र सैलुन बन्द गर्ने बारे अत्यन्त जरुरी सूचना

पहिलो कोविड महामारीको बेला यतिखेर उदयपुर देशकै 'हटस्पट' भईरहेको उदयपुरमा यो वर्ष फेरि दोहोरिएर आउँछ भनेर धेरैले सोँचेका थिएनन्। तर, पछिल्लो एकसातामा ह्वात्त संक्रमित संख्या बढेपछि कोविडको दोस्रो चरण संक्रमणले गाँजिसकेको ठहर गर्नुपरेको छ।

शुक्रबार एकैदिन जिल्ला प्रशासन कार्यालयका १ कर्मचारीलगायत ८ जनामा कोविड संक्रमित पुष्टि भएसँगै उदयपरमा संक्रमितको संख्या १२ महिलासहित २९ पुगेको छ। यो संख्यासँगै उदयपुरमा संक्रमण दर तिब्र भएको निश्कर्ष निकाल्न ढिला नगरे हुन्छ। साता दिनअघिसम्म गाईघाटमा १ पुरुष र कटारीमा २ महिलासहित ४ जनामा संक्रमण थियो।

तर, शुक्रबारसम्मको संक्रमितको ग्राफ हेर्दा उदयपुरमा सचेत हुनुपर्ने अवस्था देखिएको जिल्ला कोविड शंकट व्यवस्थापन समिति (डिसिसिएमसी) ले जनाएको छ। पछिल्लो अद्यावधि अनुसार त्रियुगा नगरपालिकामा संक्रमित संख्या ४ महिलासहित १६ पुग्दा कटारी नगरपालिकामा २ महिलासहित ४ संक्रमित छन्। चौदण्डीगढीमा १ महिलासहित ३, बेलकामा १ पुरुष र रौतामाई गाउँपालिकामा १ पुरुष संक्रमित पाइएको स्वास्थ्य कार्यालयका फोकलपर्सन उमेश लुईटेलले बताए।

लुईटेलका अनुसार यसअघि गत ५ गते त्रियुयगा नगरपालिका ६ की १ संक्रमित महिलाको मृत्यु भएको थियो भने २ पुरुष संक्रमणमुक्त भएर घर फर्किसकेका छन्। ताप्ली, उदयपुरगढी र लिमचुङबुङ गाउँपालिकामा भने अहिलेसम्म संक्रमित कोही नदेखिएको लुईटेलले बताएका छन्। स्वास्थ्य कार्यालयले संक्रमणबाट बँच्न सुरक्षा सतर्कता अपनाउन आग्रह गर्दै रोग पत्ता लगाउन पिसिआर र एन्टीजेन किट खरिद प्रक्रिया अघि बढाएको जनाएको छ।

स्वास्थ्यले सबै स्थानीयतहलाई एन्टीजेन किट खरिद गर्न आग्रह गरे अनुसार आईतबारभित्र किट आईपुग्ने जिल्ला स्वास्थ्य प्रमुख मोहन सुबेदीले बताए। उनका अनुसार त्रियुगा, चौदण्डीगढी र बेलका नगरपालिका तथा उदयपुरगढी गाउँपालिकाले एन्टीजेन किट खरिद गरिसकेकाले आईतबारसम्ममा आईपुग्ने छ।

त्रियुगा र चौदण्डीगढी नगरपालिकाले ५(५ सय किट खरिद गरेका छन् भने बेलकाले ३ सय तथा उदयपुरगढीले

- बाँकी २ पेजमा

# अबैध काठसहित बोलेरो पक्राउ

❖ मुलुकी संबाददाता

*बेलका, बैशाख १७*

अवैध चिरान काठ बोकेर आउँदै गरेको एक बोलेरो जीप बुधबार प्रहरीको फन्दामा परेको छ। सुनसरीसँग जोडिएको सीमास्थल बेलका नगरपालिका ८ कोठुस्थित प्रहरी चौकीले चेकजाँच गर्ने क्रममा अवैध काठसहित मे १ ज १५२८ नं. को बोलेरो बिहीबार राति पक्राउ परेको हो।

चतारा कोठुस्थित चेकपोष्टले चेकजाँच गर्ने क्रममा बेलकाको रामपुरतर्फ ल्याउँदै गरेको अवैध काठसहित जीप पक्राउ परेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। बोलेरेमा ५५ क्युविक फिट परिमाणको १ सय ७० थान करम



भनाई छ।

काठको कुनै कागजी प्रमाण र छुट पुर्जी नभएकाले नियन्त्रणमा लिएर अनुसन्धान भईरहेको इलाका प्रहरी कार्यालय रामपुरलाई उद्धृत गर्दैजिल्ला प्रहरी कार्यालयले जनाएको छ। ~ काठ बेलका ३ का सोमबहादुर तामाङले घर ल्याउँदै गर्दा पक्राउ परेको प्रहरीले जनाएको छ। बरामद काठ इप्रका रामपुरमा ल्याई कारबाहीका लागि सबडिभिजन वन कार्यालय रामपुरमा बुझाइएको छ।

स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको
रोजाइ रौता साबुन

रौतामाई साबुन र सर्फ उद्योग



देव इलेक्ट्रीकल सेन्टर, गाईघाट उदयपुर

हाम्रा सेवाहरु:



स्थान : त्रिनपा-११ गाईघाट उदयपुर

सोझै सम्पर्कका लागि..
9861967839

प्रोपाइटर
देवकरण चौधरी

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# पोखरा र काठमाडौ गोलरहित बराबरी

❖ बिबेक राई

*गाईघाट, बैशाख १७*

नेपालको पहिलो फ्रेन्चाइज फुटबल लिग खुकुरी सुपर लिगमातेस्रो चरणमा आएर पहिलो गोलरहित बराबरी खेल निस्किएको छ। शुक्रबारसम्पन्नसुपर लिगको सातौं दिननवौं खेलमापोखरा थण्डर्स र काठमाडौं रेजर्सले गोलरहित बराबरी खेलेका हुन्। उसो त खेलको अन्तिममिनेटमा पोखराले गरेको गोललाई अफसाइड दिइनुले पनिगोलरहित बराबरीको नतिजानिस्किएको हो।

निकै नै प्रतिस्पर्धात्मक खेलमापाएकाअवसरहरु खेर फाल्दादुवै टोलीगोलविहिन बनेका हुन्। दुवै टोलीले समानगोलको मौका बनाएपनिस्कोरिङमा चुक्का थिए। दुवै टोलीले समान १३ पटक गोलपोस्टमा प्रहार गरेपनि काठमाडौंको चार र पोखराको पाँचपटक अन टार्गेट परेको थियो। यस तथ्यांकबाट पनिदुवै टोलीले बराबरीको खेल पस्केको अनुमानलाउन सकिन्छ। पोखराकागौतम श्रेष्ठ र काठमाडौंकाविश्वास श्रेष्ठले एकएकपहेँलो कार्ड खाएकाथिए।

खेलको छैटौं मिनेटमा नै पोखरा गोलको नजिकथियो। मौसा अबाले काठमाडौंका एक डिफेन्डरलाई छक्काउँदै गोलरक्षक तथाकप्तानविकेश कुथू अघि बढ्दै गरेको मौकामा गरेको प्रहारलाई विकेशले नियन्त्रणमा लिएकाथिए। १२ औं मिनेटमा रविपासवानले बल अघि बढाउँदै मैदानको दायाँ भागबाट पोखराको लागि राम्रो क्रसपास निकालेका थिए। बल डिबक्स को भित्रिभागहुँदै छेउबाटै जाँदापोखराकादुई खेलाडि गोल गर्न चुकेका थिए।

६७औं मिनेटमा काठमाडौंकाविश्वास श्रेष्ठले मन बहादुर तामाङलाई फाउलगर्दा काठमाडौंले पहेँलो कार्ड र पोखराले फ्रिकिक मौका पाएको थियो। तर यो पनिपोखराले सदुपयोग गर्न सकेन। त्यसपछि निर्धारित ९० मिनेटपछिको तीनमिनेटको इन्ज्यूरी समयको तेस्रो मिनेटको पनिअन्तिम केहि सेकेण्ड बाँकीहुदा केचा यानिकको फ्रिकिक्मा प्रविन स्याङ्तेनले गरेको हेडगोल अफसाइड हुनुलेपोखरालाई ठुलो घाटा भयो। काठमाडौंले पनिपाएकाअवसरहरु खेर फालेको थियो। ४२ औं मिनेटको कर्नरलाई सदुपयोग गर्न सकेको भएनतिजा काठमाडौंको पोल्टामा आउन सक्थ्यो। ७१ औं मिनेटमा मौसुक्ले प्रहार गरेको उत्कृष्ट फ्रिकिक्थोरैले पोलमाथिहुँदै बाहिरिएको थियो। ८८ औं मिनेटमा मौसुकेको पासमाहुलमुलकाबीच सञ्जोग राई गोल गर्न चुक्दा काठमाडौं गोलविहिनबन्नपुग्यो।

यस नतिजापछि दुवै टोलीका समानतीन खेलबाट एक हार, एक जित र एक बराबरी भएको छ। समान चार अंकभएपनिगोलअन्तरमा पोखरा माथि छ। खेलपछि काठमाडौंका राजन गुरुङ निभियाप्रमिसिङ प्लेयर चुनिए। उनले गिफ्ट ह्याम्पर र नगददशहजार हातपारे। हुवावे सुपर प्लेयर अफ द म्याच बनेका पोखराका मिडफिल्डर पदम मोक्तानले ट्रफि र नगदपच्चिस हजार हातपारे। शनिबार दुई खेल हुदैछ। दिउँसो साँढे दुईबजे धनगढिले चितवन र साँझ साँढे पाँच बजे बुटवलले बिराटनगरको सामना गर्नेछ।



## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा




**गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।**

**सम्पर्क –९८४२९९४३३०**











त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३

*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ। पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।*



## चोयु हिमालयन

**चोयु हिमालयन नुडल्स तथा सस उद्योग**

**शुद्ध मैदाबाट बनाइएको थुप्पा चाउचाउ**



त्रियुगा न.पा. – ३, भुल्के, उदयपुर
मोबाइलः– ९८१६७००३०५, ९८४९५३२२१५





## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२

*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*


माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/www.mulukikhabar.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट